प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**परीक्षा नियन्त्रण कार्यालय**

सानोठिमी, भक्तपुरको

# डिप्लोमा तथा प्रमाणपत्र तहको बार्षिक/सेमेष्टर परीक्षा प्रणालीको स्थगन भएको परीक्षा आवेदन फाराम भर्ने अत्यन्त जरुरी सूचना

(मिति २०८३।०४।०८ गते प्रकाशित)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गतका आंगिक, साझेदारी, सामूदायिक विद्यालय र निजी स्तरमा संचालित शिक्षण संस्थाहरुमा डिप्लोमा/प्रमाणपत्र तहका वार्षिक/सेमेष्टर परीक्षा प्रणालीका मिति २०८३।०३।०२ गते परीक्षा आवेदन फाराम भर्ने सूचना प्रकाशित गरिएको । मिति २०८३।०३।१६ गते प्राविधिक कारणवश स्थगन गरिएकोमा मिति २०८३।०३।०२ गते प्रकाशित सूचनाका सम्पुर्ण शर्तहरु लागू हुने गरी देहायको मिति र समयमा उक्त परीक्षा आवेदन फाराम भर्न/भराउनु हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु:**

१. बार्षिक परीक्षा प्रणालीका कार्यक्रमहरुको हकमा नियमित तर्फ आंगिक, सामुदायिक र परिषद्सँग साझेदारी गरी संचालित संस्थाहरुको हकमा प्रति विद्यार्थी रु.**१,०००**। र निजी शिक्षण संस्थाको हकमा प्रति बिद्यार्थी रु. **२,५००**। र बिलम्ब शुल्कमा प्रति विद्यार्थी नियमित परीक्षा शुल्कको दोब्वर दस्तुर बुझाउनु पर्नेछ । सेमेष्टर परीक्षा प्रणालीका हकमा नियमित तर्फ आंगिक, सामुदायिक र परिषद्सँग साझेदारी गरी संचालित शिक्षण संस्थाहरुको प्रति बिद्यार्थी रु **५००**। तथा निजी शिक्षण संस्थाको हकमा रु **२,०००**। र बिलम्ब शुल्कमा प्रति विद्यार्थी नियमित परीक्षा शुल्कको दोब्वर दस्तुर बुझाउनु पर्नेछ । साथै नियमित शुल्कको समय भित्र ITMS Online मा परीक्षार्थीहरुको आवेदन फाराम Entry नगरेमा विलम्व शुल्क समेत लाग्नेछ ।

२. आंशिक परीक्षार्थीको हकमा एक सैद्धान्तिक वा प्रयोगात्मक विषयको लागि परीक्षा शुल्क रु. **३००।-** र प्रत्येक थप सैद्धान्तिक वा प्रयोगात्मक विषयको लागि रु. **१५०।-** का दरले नियमित शुल्कमा र बिलम्व शुल्क प्रति विद्यार्थी तोकिएको शुल्कको दोब्वर दस्तुर बुझाउनु पर्नेछ ।

**नोट:**

१. परीक्षार्थीहरुले सम्वन्धित शिक्षालयमा परीक्षा आवेदन फाराम बुझाउने मिति २०८३।०४।११ गते देखि मिति २०८३।०४।१८ गते दिनको ३:०० बजे सम्म

२. शिक्षालयले **ITMS** मा **Online Entry** गर्ने नियमित शुल्कको मिति २०८३।०४।११ गते देखि मिति २०८३।०४।१८ गते सम्म

३. शिक्षालयले परीक्षा आवेदन शुल्क बैंक दाखिला गर्ने नियमित शुल्कको अन्तिम मिति २०८३।०४।१९ गते

४. प्रशिक्षार्थीहरुले सम्वन्धित शिक्षालयमा परीक्षा आवेदन फाराम बिलम्ब शुल्कमा बुझाउने मिति २०८३।०४।१९ देखि मिति २०८३।०४।२५ गते सम्म

५. शिक्षालयले **ITMS** मा **Online Entry** गर्ने बिलम्ब शुल्कको मिति २०८३।०४।१९ गते देखि मिति २०८३।०४।२५ गते सम्म

६. शिक्षालयले बिलम्ब शुल्कको बैंक दाखिला गर्ने अन्तिम मिति २०८३।०४।२६ गते सम्म

७. सिम्बल नं एकमुष्ट Generate गर्नुपर्ने भएकाले परीक्षा आवेदन फाराम मिति २०८३।०४।१८ गते भित्र नियमित शुल्कको तथा मिति २०८३।०४।२५ गते भित्रमा बिलम्ब शुल्कको **ITMS Online System** मा शिक्षण संस्थाहरुले **Entry** गरिसक्नुपर्नेछ ।

८. **ITMS online** मा दिइएको **Online Payment** मार्फत शुल्क बुझाउने शिक्षालयको हकमा प्रशिक्षार्थीको प्रवेश पत्र शिक्षालय स्वयंले प्रिन्ट गरी प्राचार्यले दस्तखत गरी शिक्षालयको छाप लगाई बितरण गर्नुपर्नेछ ।

**यो सूचना www.ctevtexam.org.np मा हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**